आज मिति २०८३ साल वैशाख २१ गते सोमबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को २२ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति :

श्री बेचन प्रसाद मेहता — अध्यक्ष —

श्री कुमारी विभा यादव — उपाध्यक्ष —

श्री सुर्य नारायण पाल — वडा अध्यक्ष, वडा नं.१ —

श्री जग नारायण मेहता — वडा अध्यक्ष, वडा नं.२ —

श्री अनिल कुमार भगत — वडा अध्यक्ष, वडा नं.३ —

श्री सुशिल मेहता — वडा अध्यक्ष, वडा नं.४ —

श्री मनोज कुमार मण्डल — वडा अध्यक्ष, वडा नं.५ —

श्री रिता कुमारी मण्डल — का.वा.वडा अध्यक्ष, वडा नं.६ —

श्री सुर्य नारायण यादव — वडा अध्यक्ष, वडा नं.७ —

श्री रुणा देवी दास — कार्यपालिका सदस्य —

श्री उषा देवी यादव — कार्यपालिका सदस्य —

श्री सुनिता देवी यादव — कार्यपालिका सदस्य —

श्री सम्तुलिया देवी बाँतर — कार्यपालिका सदस्य —

श्री मनोज कुमार भगत — कार्यपालिका सदस्य —

श्री किशोर कुमार पाल — कार्यपालिका सदस्य —

श्री महेश कुमार ठाकुर — सचिव —

आमन्त्रित :

श्री डिल्ली प्रसाद पोखरेल — प्रशासकीय अधिकृत —

श्री बिन्देश्वर यादव — लेखा अधिकृत —

श्री वाल कुमार श्रेष्ठ — कम्प्युटर अधिकृत —

प्रस्तावहरु :

१) समिक्षा सम्बन्धमा ।

२) पोल बत्ती जडान तथा मर्मत खर्च सम्बन्धमा ।

३) १० शैया अस्पतालको प्राङ्गणमा बेस हाल्ने कार्य सम्बन्धमा ।

४) रसायनिक मलको मूल्य समायोजन सम्बन्धमा ।

५) वि.पि. स्मृति सामुदायिक भवनको स्वामित्व सम्बन्धमा ।

६) योजनाको लागत भेरियसन सम्बन्धमा ।

७) आ.व.२०८२/०८३ को तेस्रो त्रैमासिक खर्च सम्बन्धमा ।

८) वाध्य यन्त्रबाट हुने ध्वनी प्रदुषण नियन्त्रण सम्बन्धमा ।

निर्णयहरु :

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८३/०१/१४ गते भएको २१ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको ७ वटै वडामा रहेको पोल बत्ती नियमित रुपमा सञ्चालन गर्नका लागि पारिश्रमिक, विद्युत तार, होल्डर, होल्डर कभर, विजुली बल्ब लगायत कार्य जडान गरिएको र गर्न बाँकी कामको प्राविधिक मूल्याङ्कन अनुसार तपसिल बमोजिमका संस्था/फर्मलाई देवानगञ्ज गाउँपालिकाको पुँजीगत तर्फ ७ वटै वडमा पोल बत्ती जडान गर्ने शिर्षकबाट तपसिलको रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | संस्था/फर्मको/योजनाको नाम | भुक्तानी गर्ने रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | शिव इलेक्ट्रोनिक्स एण्ड रेफ्रिरेजेशन, विराटनगर-६ | ५७,०००/- | |
| २ | बजरङ्ग हार्डवेयर एण्ड ट्रेडस, देवानगञ्ज-२ | ३९,०००/- | |
| ३ | एलिसा कन्सट्रक्सन प्रा.लि., देवानगञ्ज-३ | ९९,५००/- | |
| ४ | देवानगञ्ज-२ मा पोल बत्ती जडान कार्य | १,५०,०००/- | |

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको निर्माणाधिन १० शैया अस्पतालको स्वीकृत लागत अनुमान र ठेक्का सम्झौतामा अस्पतालको प्राङ्गणमा बेस हाल्ने

कार्य उल्लेख नभएको र अस्पतालको प्राङ्गणमा बेस हाल्ने कार्य आवश्यक भएको हुँदा प्राविधिकको अनुमानित लागत अनुसार रु.५,१९,६७०.७३/- को कार्य संचालन गरी प्रविधिक मूल्याङ्कन अनुसार देवानगञ्ज गाउँपालिकाको होस्पिटल अन्तर्गत पारिश्रमिक कर्मचारी खर्च शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका अन्तर्गत रसायनिक मल बिक्री वितरण गर्नका लागि इजाजत प्राप्त ८ (आठ) वटा सहकारी संस्थाहरुले डिजेल र पेट्रोलको मूल्य वृद्धि भई मलखाद ढुवानीका लागि ढुवानी दररेट वृद्धि भएकोले मलखाद बिक्री वितरणको कार्य गर्न कठिनाई भई रसायनिक मलको मूल्य समायोजन गर्न यस देवानगञ्ज गाउँपालिकाको कार्यालयमा मिति २०८३/०१/१४ मा निवेदन दिइएकोमा वर्तमान अवस्थामा उत्पन्न परिस्थितिले इन्धनको मूल्यमा भएको वृद्धिलाई दृष्टकोण गरी अर्को व्यवस्था नहुन्जेल सम्म देहाय बमोजिमको रसायनिक मलमा हाल विक्री वितरण गरी आएको मूल्यमा प्रतिबोरा देहाय बमोजिम मूल्य वृद्धि गरी विक्री वितरण गर्न स्वीकृती दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | रसायनिक मलको नाम | वृद्धि गरिएको मूल्य (रु.) | कैफियत |
|---|---|---|---|
| १ | यूरिया प्रतिबोरा | २५/- | |
| २ | DAP प्रतिबोरा | २५/- | |

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका वडा नं.१ स्थीत मध्यहर्षाहीमा रहेको वि.पि. स्मृति सामुदायिक भवनको उचित संरक्षण तथा व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउनको लागि उक्त सामुदायिक भवन अर्को व्यवस्थापन नहुन्जेल सम्म आजकै मिति देखि गाउँपालिकाको स्वामित्वमा राख्ने र सामुदायिक भवनको संरक्षण तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गाउँ कार्यपालिकाको कार्यालय मार्फत संचालन गर्ने साथै उक्त सामुदायिक भवनको हल तथा कोठाहरु कुनै व्यक्ति तथा संस्थाले भाडामा लिन चाहेमा प्रति दिन रु.१,०००/- शुल्क लिई भाडामा लगाउने र दलित तथा विपन्न वर्गले आयोजना गर्ने कार्यक्रमको लागि निःशुल्क उपलब्ध गराई पाउन माग भएमा गाउँपालिका अध्यक्षज्यूको आदेशमा निःशुल्क उपलब्ध गराउने सकिने सर्वसम्मत निर्णय गरियो।

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को ठेक्का नं. DRM/GOODS/C/NCB/02/2082-083 अनुसार यस देवानगञ्ज गा. पा. खानेपानी टयुवेल खरिद गरी वितरण गर्ने गरिब विपन्नका लागि देवानगञ्ज गा. पा. १,२,३,४,५,६र ७ सुनसरी

कार्यक्रम सञ्चालन गर्न सम्झौता भई भुलबस लागत अनुमानमा HDP polythene pipe मा PN 8 र Specification मा PN 16 हुन गएकोमा उक्त ठेक्काको लागि uneconomical देखिएकोले economical गर्नको लागि Revised Estimate गरी variation chart स्वीकृत गरी तपसिल बमोजिम रकम भेरिएसन गरी खरिद कार्य अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| SN | Description | Estimate Amount | Revised Estimate Amount | Bid Amount | % Decrease | Revised Bid Amount | Amount Decreased in Bid | % Decreased In Bid |
|---|---|---|---|---|---|---|---|---|
| १ | देवानगञ्ज गा. पा. खानेपानी टयुवेल खरिद गरी वितरण गर्ने गरिब विपन्नका लागि देवानगञ्ज गा. पा.१,२,३,४,५,६र ७ सुनसरी । | ५१२२३२५.५८ | ४८५११३९.७४ | ४२३९५२८.३५ | ५.२९ | ४०१५०९३.६५ | २२४४३४.७० | ५.२९ |

७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको आर्थिक प्रशासन शाखा अनुसार आ.व.२०८२/०८३ को कुल बजेट ५७ करोड ६४ लाख ६६ हजार ९ सय ८० रुपैयामा तेस्रो त्रैमासिकको चालु खर्च रु.६ करोड ५२ लाख ७० हजार ६ सय ८० रुपैया अर्थात १९.०४ प्रतिशत र पुँजीगत तर्फ १ करोड ४५ लाख ४१ हजार ८८ रुपैया अर्थात ६.२३ प्रतिशत गरी कुल खर्च ७ करोड ९८ लाख ४१ हजार ७ सय ६८ रुपैया अर्थात १३.८५ प्रतिशत खर्च भएको जानकारी लिइयो।

८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्र विभिन्न प्रकारका धार्मिक, साँस्कृतिक, विवाह तथा अन्य विविध कार्यक्रम आयोजना गर्दा अत्यन्तै ठुलो तथा चर्को आवाजमा वाध्य यन्त्रहरु (डिजे) बजाइ ध्वनी प्रदुषण गर्ने गरेको कारणले स्थानीयबासीको स्वास्थ्यमा ठुलो असर परिरहेको हुनाले कुनै धार्मिक तथा साँस्कृतिक कार्यक्रम आयोजना गर्दा आयोजना स्थलमा बढीमा २ वटा साउण्ड बक्स र १ वटा हरन मात्र ध्वनी प्रदुषण नहुने गरी उपयुक्त आवाजमा बजाउने र कार्यक्रम स्थलमा आउदा जादा बाटोमा वाध्य यन्त्र बजाउन नपाउने यदी कसैले यो निर्णय विपरित कार्य गरेमा वाध्य यन्त्र नियन्त्रणमा लिइ पहिलो पटकलाई रु.५,०००/- र अर्को पटक सोहि कार्य पुनः गरेमा रु.१०,०००/- जरिवाना गर्ने सर्वसम्मत निर्णय गरियो ।